जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २१३ २०८० साल चैत १५ गते बिहीबार (28 Mar. 2024 Thursday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : बिहीबार(आज)देखि ... ३ पृष्ठमा : उपत्यकाव्यापी धिमे ... ३ पृष्ठमा : दक्षिण अफ्रिकामा संसदीय ...

# नवकुण्डिय विष्णु महायज्ञको तयारी पूरा
## भोजनको निःशुल्क व्यवस्था



**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।** सप्तरीको राजविराजमा हुने नवकुण्डिय महाविष्णु महायज्ञको सम्पुर्ण तयारी पुरा भएको छ ।

राजविराज ६ खरसाल टोल स्थित नाथबाबा मन्दिर प्राङ्गनमा चैत्र १६ देखि चैत्र २४ गते सम्म सूरु हुने महायज्ञको सम्पुर्ण तयारी पूरा भएको आयोजकले जनाएको छ ।

महायज्ञ स्थल मै बुधवार पत्रकार सम्मेलनको आयोजना गरी महायज्ञ आयोजक मुल समितिले यसबारे विस्तृत विवरण सार्वजनिक गरेको हो ।

विश्वकल्याण तथा सनातन धर्मको प्रचार प्रसार गर्ने उदेश्यले यो नवकुण्डिय महाविष्णु महायज्ञको आयोजना गरीएको अध्यक्ष खुशीलाल यादवले जानकारी दिए । पत्रकार सम्मेलनमा उपस्थित भएकी राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले महायज्ञका लागी आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाइन ।

भव्य रुपमा हुन लागेको महायज्ञको अनुमानित लागत ७५ लाख रुपैया रहेको छ । ५ लाख भन्दा बढी भक्तजन आउने अनुमान गरिएको महायज्ञमा आउने साधु सन्त र भक्तजनका लागी निःशुल्क भोजनको व्यवस्था गरिएको र यस कार्यमा स्थानीयवासी र विभिन्न समाजसेवी संघ संस्थाले खाद्यान्न उपलब्ध गराउने आयोजक समितिका कोषाध्यक्ष ध्रुव देवले बताए ।

**महायज्ञमा भारत तथा नेपालका**

ख्याती प्राप्त सन्त, महन्थ तथा कथावाचकको सहभागिता रहने छ । वृन्दावन, अयोध्या लगायतका धार्मिक स्थलका सन्त महन्थहरु पनि महायज्ञमा आउने अध्यक्ष यादवले जानकारी दिए ।

भारतबाट भगवान शरण शास्त्री, देवी चन्द्रकला, रामचन्द्र दास, गोपाल दास, दस्यन्त्र शर्मा, ब्यासजी महाराजको उपस्थिती रहनेछ ।

यस्तै नेपालबाट शंकरार्चाय मोहन शरण देव, भुतनाथ बाबा र मोती दास बाबाको सहभागिता रहने आयोजकले जनाएको छ ।

महायज्ञ भव्य बनाउन धार्मिक कार्यक्रमहरुका साथै मेला र कुस्ती प्रतियोगिताको आयोजना समेत गरिने भएको छ । नेपाल तथा भारतका चर्चित पहलमान बीच चैत्र २५, २६ र २७ गते गरी तीन दिने कुस्ती प्रतियोगिताको आयोजना गरीने भएको छ ।

यस्तै मेलामा मनोरंजनका लागी विभिन्न खेल तमासाहरुको व्यवस्था समेत गरीएको छ । महायज्ञको पूर्वसन्ध्यामा विहीवार हजारौ महिलाहरुको सहभागितामा कलश यात्रा निकालिने तथा शुक्रवार महायज्ञको नेपाल-भारत विरक्त मण्डलका अध्यक्ष राम प्रसाद दास जी र शंकरार्चाय मोहन शरण देवले संयुक्तरुपमा उदघाटन गर्ने कार्यक्रम तय भएको आयोजक समितिले जनाएको छ । महायज्ञमा विभिन्न देवी देवताका ५० भन्दा बढी माटाका आकर्षक मुर्तीहरु राखिएको छ ।

# भूमिहीन सुकुम्बासीलाई जग्गाधनी पुर्जा वितरणको तयारी

वीरगञ्ज (पर्सा), १४ चैत (रासस) ।
पर्सामा भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी लालपुर्जा बाँड्ने प्रक्रिया सुरु भएको छ ।

राष्ट्रिय भूमि आयोग जिल्ला शाखा पर्साले भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा बाँड्ने तयारी थालेको हो । आयोगले प्रक्रिया थालेपछि भूमि प्राप्तिका लागि पर्सामा छ हजारभन्दा बढीको नाम सूचीकृत गरेको छ ।

विभिन्न पालिकामा भूमिहीन दलित एक हजार तीन सय ६३, भूमिहीन सुकुम्बासी दुई हजार पाँच सय ७७ र अव्यवस्थित बसोबासी दुई हजार नौ सय ४९ गरी छ हजार आठ सय ८९ जनाको नाम सूचीकृत भएको राष्ट्रिय भूमि आयोग पर्साका अध्यक्ष तबरेज अहम्मदले जानकारी दिनुभयो ।

आयोगमा सूचीकृत भएकामध्ये सबैभन्दा बढी ठोरी गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका, पर्सागढी र बहुदरमाई नगरपालिकामा छन् । अध्यक्ष अहम्मदका अनुसार सबैभन्दा बढी ठोरी गाउँपालिकामा भूमिहीन दलित २६, भूमिहीन सुकुम्बासी एक हजार सात सय ४० र अव्यवस्थित बसोबासीमा एक हजार नौ सय छजनाको नाम सूचीकृत भएको छ ।

यस्तै, पर्साको पर्सागढीमा

*बाँकी अन्तिम पृष्ठमा*

# उप-प्रधान तथा स्वास्थ्य मन्त्रीद्वारा कान्ति बाल अस्पतालको अनुगमन



**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।** उप-प्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादवले बुधबार काठमाडौं स्थित कान्तिबाल अस्पतालको अनुगमन गरेका छन् ।

उनले अस्पतालको अनुगमन गर्दै उपचारका लागि अस्पताल ल्याइएका कुनै पनि बालबालिकालाई आइसियु बेड खाली नभएर वा मेसिन बिग्रेर जस्ता कारणले उपचार नगरी फर्काउने कार्य तत्काल बन्द गर्न निर्देशन दिएका हुन् ।

जसपा नेपालका अध्यक्ष समेत रहेका उप-प्रधानमन्त्री यादवले आइसीयु बेड थपेर वा सेवा बिस्तार गरेर भएपनि बिरामी बालबालिकालाई भर्ना नलिई फर्काउने प्रबृत्ति अन्त्य गर्नुपर्ने अस्पताल प्रशासनलाई निर्देशन दिए ।

*बाँकी तीन पृष्ठमा*

# साँकेतिक अभ्यास सहित उद्धारकला प्रर्दशन



**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।** गर्मी र सुख्खायामको शूरुवात संगै सप्तरीमा आगलागीको घट्नामा बृद्धि भइरहेका वेला यसको न्यूनिकरणका लागी सचेतना कार्यक्रमका सहित विपदमा गरिने नियन्त्रण र उद्धार कार्य सम्बन्धि कला कौशल प्रर्दशन गरिएको छ ।

विपद व्यवस्थापन समिति सप्तरीको आयोजनामा बरख गण ब्यारेकका सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका तालिम प्राप्त उद्धारकर्ताहरुको संयुक्त टोलीद्वारा बुधवार सदरमुकाम राजविराज स्थित राजरंगशालमा सचेतना संगै आगलागीको घट्नाक्रम र उद्धार अभ्यास सहित कला कौशल प्रर्दशन गरिएको हो ।

राजरंगशाला मैदान मै अस्थायी वस्ती र वनजंगलको संरचना निर्माण गरी तीन वटै सुरक्षा निकायका सुरक्षाकर्मीले आगलागी नियन्त्रण सम्बन्धि चेतनामुलक अभ्यास प्रस्तुत गरेका हुन ।

उक्त कार्यमा नेपाल रेडक्रस सोसाईटी शाखा, राजविराज नगरपालिका लगायत विभिन्न पालिकाका कर्मचारी पनि सहभागी भएको विपद व्यवस्थापन समिति सप्तरीको अध्यक्ष समेत रहेका प्रमुख जिल्ला अधिकारी किरण थापाले बताए ।

सप्तरी आगलागीका घट्ना हुने उच्च जोखिम रहेको जिल्लामा पर्दछ । गर्मी र सुख्खायामको शूरुवात संगै जिल्लामा आगलागीका आधा दर्जन जती घट्ना भई लाखौको क्षती भईसकेकोले सचेतनाका लागी

*बाँकी अन्तिम पृष्ठमा*

**बालमैत्री वातावरण बनाऔं**

बालबालिकालाई:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### राजरंगशाला निर्माणमा कीन ढिलाई !

राजविराज राजरंगशालाको पुननिर्माणका लागि बजेट बिनियोजन भइसके पनि अझै काम सूचारु हुन सकेको छैन् । राजविराज नगरपालिकाको कार्यालयमा रंगशाला निर्माणका लागि बजेट आइसकेपनि निर्माण कार्यमा ढिला भइरहेको छ । सप्तरी जिल्लाको ऐतिहासिक खेलमैदान राजविराजस्थित राजरंगशालाप्रति विगत दुई दशकदेखी सबै निकाय मौन बसेका छन् । अतिजिर्ण अवस्थामा पुगिसक्दा पुननिर्माणका लागि कुनै निकायले त्यसतर्फ ध्यान दिएको छैन् ।

चालु आ.ब.मा प्रदेश र संघीय सरकारबाट केही बजेट बिनियोजन भएपनि त्यो अपुग रहेको छ । यद्दपी थोरै रकम बिनियोजन भएपनि पुननिर्माणको कार्य सुरुवात भयो भने आगामी दिनमा त्यसमा पक्कै पनि थप रकम बिनियोजन हुने विश्वास गर्न सकिन्छ । जिल्ला खेलकुद विकास समितीको मातहतमा रहेको यस रंगशाला खेलमैदान भन्दा पनि बढी गौचरणमा परिणत हुँदै शौच गर्ने थलो समेत भएको छ ।

तसर्थ जिर्ण अवस्थाबाट उकास्न रंगशालालाई नयाँ रुपले पुर्ननिर्माणका लागि खेलकुद विकास समिती, राजनैतिक दल, बुद्धिजिवी, खेलाडी तथा राजविराज नगरपालिकाको समेतले विशेष ध्यान दिनु आवश्यक छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# बिहीबार(आज)देखि सुरु हुने एसइईको सम्पूर्ण तयारी पूरा

**रमेश गिरी**

भक्तपुर, १४ चैत (रासस)।

बिहीबार अर्थात आज देखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)को सम्पूर्ण तयारी पुरा भएको छ । चैत १५ देखि २७ गतेसम्म सञ्चालन हुने यस वर्षको एसइई परीक्षाको अन्तिम तयारी पुरा भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

बोर्डका अध्यक्ष प्रा डा महाश्रम शर्माले भोलिदेखि सञ्चालन हुने परीषाको सम्पूर्ण तयारी पूरा भएको भन्दै प्रश्नपत्र र उत्तरपुस्तिका जिल्लाजिल्ला पुऱ्याइएको जानकारी दिनुभयो । उहाँले परीक्षालाई शान्तिपूर्णरूपमा सम्पन्न गर्न सबैलाई आह्वान पनि गर्नुभयो ।

"भोलिदेखि देशभर एकैसाथ सुरु हुने एसइई परीक्षाको सम्पूर्ण तयारी पुरा भएको छ । भयरहित भएर ढुक्कसँग परीक्षामा सहभागी हुन सबै परीक्षार्थीलाई आह्वान गर्दछु", शर्माले भन्नुभयो, "साथै परीक्षालाई शान्तिपूर्ण, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्न/गराउने विद्यार्थी, शिक्षक, अभिभावक र सबै नागरिकमा आह्वान गर्दछौँ ।" उहाँका अनुसार चैत १५ गते बिहान ८ बजेबाट ११ बजेसम्म सञ्चालन हुने परीक्षा चैत २७ गते सम्पन्न हुनेछ ।

पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षा हुनेछ । एसइईलाई व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न परीक्षामा खटिने केन्द्राध्यक्षलगायत जनशक्तिलाई अभिमुखीकरण गरिएको बोर्डले जनाएको छ ।

**परीक्षा दिने पाँच लाख बढी**

बोर्डले चैत १५ गतेदेखि सुरु हुने परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार आठ सय छ विद्यालयका दुई लाख ५० हजार सात सय ७२ छात्रा, दुई लाख ५३ हजार छ सय २७ छात्र र अन्य १५ जना गरी कूल पाँच लाख चार हजार चार सय १४ परीक्षार्थी सहभागी हुने कक्षा १० परीक्षा नियन्त्रण कार्यालयका एसइई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार कूल परीक्षार्थीमध्ये पाँच सय छ विद्यालयका १५ हजार सात सय ४९ जना परीक्षार्थी प्राविधिक धारतर्फका छन् ।

परीक्षामा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका १५ जना परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार बाँके, चितवन, दाङ, गोरखा, इलाम, खोटाङ, सुर्खेतबाट एक/एक, पर्सा र सप्तरीबाट दुई/दुई, रुपन्देहीबाट चार जना छन् ।

परीक्षाका लागि कार्यालयले दुई हजार ६४ परीक्षा केन्द्र निर्धारण गरेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा कम मनाङ, मुस्ताङमा एक/एक र सबैभन्दा बढी काठमाडौँमा एक सय २७ परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

**जापानमा एक परीक्षा केन्द्र**

यस वर्षको एसइई परीषमा जापानबाट २३ जना सहभागी हुने परीक्षा नियन्त्रक पौडेलले बताउनुभयो । उहाँका अनुसार जापानमा रहेको एभरेष्ट स्कूलमा एक परीक्षा केन्द्रबाट १५ छात्रा र आठ छात्र गरी २३ विद्यार्थीले परीक्षा दिने भएका छन् ।

**प्रश्न पत्र र उत्तरपुस्तिका जिल्ला-जिल्लामा**

परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र र उत्तर पुस्तिकालगायतका सम्पूर्ण सामग्री बोर्डले सम्बन्धित जिल्ला पुऱ्याएको छ । बोर्डले यसवर्ष पाँच लाख प्रश्नपत्र छापेको जनाएको छ ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र बोर्डले देशभरका ७७ जिल्लाका प्रहरी कार्यालयमा पठाइसकेको जानकारी दिनुभयो । उहाँका अनुसार प्रत्येक विषयको परीक्षाका दिन परीक्षा सुरु हुनु केही समय अगाडि मात्रै प्रहरी सुरक्षाका साथ सम्बन्धित परीक्षा केन्द्रमा प्रश्न पत्र पठाइने छ ।

उत्तरपुस्तिका एवम् अन्य सामग्री कार्यालयले सातै प्रदेशबाट जिल्लाजिल्ला पठाइसकेको जानकारी दिँदै पौडेलले परीक्षाका लागि प्रदेश र जिल्लाले गर्ने तयारी पनि पुरा भएको जानकारी आएको बताउनुभयो । परीक्षा सञ्चालनका लागि आवश्यक बजेट भने सातवटै प्रदेशका प्रदेश सरकार, सामाजिक सुरक्षा मन्त्रालयले व्यवस्थापन गर्नेछ ।

जापानको परीक्षा केन्द्रको जापानस्थित नेपाली दूतावासले परीक्षाको अनुगमन गर्ने भएको छ । जापानमा केन्द्र रहेको स्कूलको प्रिन्सिपललाई केन्द्राध्यक्षको जिम्मेवारी दिइएको छ । हुलाकमार्फतमा उत्तर पुस्तिका पठाइएको जापानमा परीक्षा सुरु हुनु अगाडि इमेलमार्फत प्रश्नपत्र पठाइने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो ।

**परीक्षाका लागि खटिदै जनशक्ति**

बोर्डका अनुसार एसइई परीक्षाका लागि प्रत्यक्षरूपमा ७७ हजार चार सय ८५ जना जनशक्ति परिचालन हुने भएका छन् । प्रति केन्द्र एक जनाका दरले केन्द्राध्यक्ष खटाइनेछ । देशभर दुई हजार ६४ परीक्षा केन्द्र तोकिएका छन् । त्यस्तै एक सय ५० विद्यार्थी बराबर एक जनाका दरले चार हजार एक सय २८ जना सहायक केन्द्राध्यक्ष, प्रति २० विद्यार्थी बराबर एक जनाका दरले २५ हजार दुई सय २२ निरीक्षक खटाइएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो ।

त्यसैगरी एक सय परीक्षार्थी बराबर एक जनाका दरले पाँच हजार ५४ परीक्षा सहायक खटाइनेछ भने ५० परीक्षार्थी बराबर एक जनाका दरले १० हजार ८१ कार्यालय सहयोगी खटाइने भएको छ । प्रत्येक परीक्षा केन्द्रमा १५ जनाका दरले ३० हजार नौ सय ६० सुरक्षाकर्मी परिचालन गरिने छ ।

परीक्षा केन्द्रको आवश्यकताअनुसार सुरक्षाकर्मीको सङ्ख्या थप हुन सक्ने पौडेलको भनाइ छ । उहाँका अनुसार सुरक्षाकर्मीदेखि कर्मचारी परिचालनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला परीक्षा समन्वय समितिले थप गर्न सक्नेछ ।

**परीक्षा उतीर्ण हुन ३५ प्रतिशत अङ्क ल्याउनुपर्ने**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट विसं २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका २०७८' जारी गरेपनि कार्यान्वयनमा आउन सकेको थिएन । यसवर्षको परीक्षामा भने बोर्डले 'लेटर ग्रेडिङ निर्देशिका २०७८' लागू गरेको छ ।

विगतमा सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने प्रावधान रहेकामा बोर्डले यसवर्ष पहिलो पटक निर्देशिका कार्यान्वयनमा ल्याएसँगै एसइई परीक्षाको नतिजामा विद्यार्थीले सैद्धान्तिकमा ३५ र प्रयोगात्मकमा ४० अङ्क ल्याउनै पर्ने भएको छ ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षार्थीले कम्तीमा सैद्धान्तिक विषयमा ३५ अङ्क र प्रयोगात्मकमा ४० अङ्क ल्याउनै पर्ने बताउँदै एक सय पूर्णाङ्क रहेको विषयमा ३५ र ७५ पूर्णाङ्क रहेको विषयमा २७ अङ्क ल्याउनु पर्ने जानकारी दिनुभयो ।

परीक्षा नियन्त्रक पौडेलले ३५ प्रतिशतभन्दा कम अङ्क ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनः मौका परीक्षामा सहभागी हुनुपर्ने प्रावधान रहेको बताउनुभयो । उहाँका अनुसार ३५ अङ्क ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको छ । विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन् ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# उपत्यकाव्यापी धिमे बाजा प्रतियोगिता तथा संस्कृति मेला आयोजना

भक्तपुर, १४ चैत्त (रासस)।

आगामी वैशाख २ गते जिब्रो छेड्ने तयारी गरिरहेको मध्यपुरथिमि बोडेमा यसवर्ष उपत्यकाव्यापी धिमे बाजा प्रतियोगिता तथा संस्कृति मेला २०८० आयोजना गरिने भएको छ। मध्यपुरथिमि नगरपालिकाको आयोजना तथा लाकुछेँ धिमे गुठी र खपला धिमे गुठीको सहकार्यमा यही चैत २६ गते बोडे दरबार (लायकु) मा प्रतियोगिता हुने भएको हो।

धिमे बाजा प्रतियोगितामा ४० धिमे बाजा खलः, पुच, समूह वा सङ्घसंस्थालाई सहभागी गराइने प्रतियोगिता तथा संस्कृति मेलाका संयोजक दिलकृष्ण प्रजापतिल राससलाई जानकारी दिनुभयो। प्रतियोगितामा भाग लिने खलः, पुच, समूह तथा सङ्घसंस्थाले चैत २४ गतेभित्र आयोजक समितिको सचिवालय, मध्यपुरथिमि नगरपालिकाको कार्यालय र वडा कार्यालयबाट फाराम भरेर सहभागिता जनाउन सक्ने उहाँले जानकारी दिनुभयो।

प्रतियोगितामा प्रथम हुने टोलीलाई रु ५० हजार, दोस्रो हुनेलाई रु २५ हजार, तेस्रो हुनेलाई रु १५ हजार र सान्त्वना पुरस्कारस्वरुप रु १० हजार पुरस्कार र शिल्ड तथा प्रमाणपत्र प्रदान गरिने जनाइएको छ। प्रतियोगितामा सहभागी टोलीमा बढीमा पाँचजना रहने र प्रत्येक टोलीले दुई धिमे, दुई भुस्या तथा एक छुस्या वा अन्य बाजा प्रयोग गर्न पाइने छ उहाँका अनुसार प्रत्येक टोलीलाई पाँच मिनेटको समय दिइनेछ।

**संस्कृति मेला**

धिमे बाजा प्रतियोगितासँगै संस्कृति मेला र तस्बिर प्रदर्शनीसमेत गरिने भएको छ। मेलामा स्थानीय रैथाने उत्पादन र खानाका परिकारको प्रवर्द्धनका लागि भक्तपुर चेम्बर अफ कमर्स, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ, मध्यपुर पर्यटन विकास समितिको संयोजनमा स्थानीय रैनाथे उत्पादन र खानाका परिकार प्रदर्शनी एवं बिक्री कक्ष राखिने संयोजक प्रजापतिले जानकारी दिनुभयो।

मेलामा मध्यपुर थिमिको मौलिक उत्पादन टिगनीको चिउरा, माटोको भाँडा बनाउनेतर्फ सेरामिक्स, मुकुण्डोको बनाउने विधि, बोडेका स्थानीय महिला समूहलगायतले नेवारी खानाका परिकारको कक्ष राखेर स्थानीय नेवारी परिकारको प्रवर्द्धनलगायत मेलामा स्थानीय उत्पादनका २५ कक्ष राख्ने तयारी भइरहेको उहाँले बताउनुभयो।

संस्कृति मेलामा मध्यपुरथिमिको कला संस्कृति झल्कने फोटो प्रदर्शनीसमेत हुने भएको छ। फोटो प्रदर्शनीका संयोजक चन्द्र चक्रधरले राष्ट्रिय समाचार समिति (रासस)का फाटो पत्रकार रत्नकृष्ण श्रेष्ठलगायत स्थानीय फोटो पत्रकारले विभिन्न समयमा खिचेका मध्यपुरको संस्कृति झल्कने तस्बिर प्रदर्शनमा राखिने जानकारी दिनुभयो। कार्यक्रममा बोडेमा जिब्रो छेड्ने जात्रामा जिब्रो छेडाएका व्यक्तिलाई सम्मान गरिने भएको छ।

# बन्द भएको पाँच वर्षपछि पुनः भोजपुर-विराटनगर उडान हुँदै

टक्सार (भोजपुर), १४ चैत (रासस)।

उडान बन्द भएको पाँच वर्षपछि भोजपुर-विराटनगर हवाई उडान हुने भएको छ। उडानका लागि नेपाल वायु सेवा निगमले पुनः तयारी थालेको हो।

नेपाल वायु सेवा निगमले यही चैत २२ गतेदेखि सुरु गर्ने गरी उडान तालिका सार्वजनिक गरेको निगमका भोजपुर स्टेसन प्रमुख प्रकाश खड्काले जानकारी दिनुभयो। उडान तालिकाअनुसार भोजपुर-विराटनगर हप्तामा दुई दिन बिहीबार र शनिबार उडान हुनेछ।

विमान अभावलगायत समस्या देखाउँदै निगमले भोजपुर-काठमाडौँ उडान तालिका कायम राख्दै विराटनगर उडान बन्द गरेको थियो। २०७६ सालदेखि विराटनगर उडान हुन सकेको थिएन। जिल्लाबासीको मागलाई सम्बोधन गर्दै निगमले तत्कालका लागि हप्तामा दुई उडान गर्न लागेको स्टेसन प्रमुख खड्काको भनाइ छ।

हवाई उडान बन्द हुँदा जिल्ला अस्पतालबाट सुविधा सम्पन्न अस्पताल लान सिफारिस गरेका बिरामी, ज्येष्ठ नागरिकलाई समस्या हुँदै आइरहेको थियो। ज्येष्ठ नागरिक र बिरामीलाई समस्या भइरहेको अवस्थामा बन्द रहेको उडान फेरि सञ्चालन हुनु जिल्लाबासीका लागि खुसीको कुरा भएको भोजपुरवासी अशोक खतिवडाले बताउनुभयो। खतिवडाले भन्नुभयो, "अब तोकिएको दिन सेवा सञ्चालन हुने गरी निगमले उडान गर्नुपर्छ जसले समस्यामा परेका नागरिकलाई सेवा पुगोस्।"

नेपाल वायु सेवा निगम भोजपुरले भोजपुर विराटनगर भाडा रु चार हजार २९ कायम भएको जनाएको छ। भोजपुरमा रहेको एक मात्र विमानस्थलमा नेपाल वायु सेवा निगमको जहाजले मात्र काठमाडौँ हप्तामा चार उडान गर्दै आइरहेको छ। पाँच सय ४५ मिटर लम्बाइ भएको विमानस्थल कालोपत्र भए पनि विराटनगर उडान ठप्प थियो।

प्रदेश राजधानी जान र आउन समस्या भइरहेको अवस्थामा पुनः उडान हुनु खुसीको कुरा भए पनि नागरिकलाई भरपर्दो सेवा दिने वातावरण निगमले बनाउन जरुरी रहेको भोजपुरबासी शङ्करप्रसाद आचार्यको भनाइ छ।

# त्रिभुवन विमानस्थलबाट १५ किलो चरेस बरामद

काठमाडौँ, १४ चैत (रासस)।

प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध लागूऔषध १५ किलो ग्राम चरेस बरामद गरेको छ। विदेश लैजाँदै गरेको सो चरेस मङ्गलबार बरामद गरेर आज सार्वजनिक गरिएको हो।

विमानस्थल भन्सार कार्यालयको एक्स(रे मेसिनबाट प्रहरीले कार्गो चेक जाँच गर्ने क्रममा कतार एयरबाट दोहा हुँदै लन्डन लैजान लागिएको एआरए एमइएक्स कुरियरको १८ वटा फोटो फ्रेमभित्र लुकाई(छिपाई ल्याइएको अवस्थामा उक्त परिमाणको पदार्थ मङ्गलबार फेला पारी बरामद गरिएको केन्द्रीय प्रहरी प्रवक्ता भीमप्रसाद ढकालले जानकारी दिनुभयो।

उहाँका अनुसार बरामद गरिएको उक्त पदार्थको थप आवश्यक अनुसन्धानका लागि नेपाल प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरो, कोटेश्वर पठाइएको छ।

## *उप-प्रधान...*

सिटी स्क्यान, एमआरआई, एक्स रे जस्ता बिग्रेको अवस्थामा रहेका मेसिनलाई तत्काल मरमत गराएर सेवा सुचारु गर्नुपर्ने बताउँदै उनले अस्पतालमा सञ्चालित फार्मेसीमा आवश्यक सबै प्रकारका औषधि तत्काल उपलब्ध गराउने प्रतिवद्धता समेत जनाए।

बिरामीले टिकट र रिर्पोट लिनको लागि घण्टौ लाइनमा बस्नु पर्ने अवस्थाको अन्त्यका लागि अनलाइन टिकट काट्न मिल्ने र अनलाइनमैं रिर्पोट हेर्न वा डाउनलोड गर्न मिल्ने व्यवस्था तत्काल मिलाउन अस्पताल प्रशासनलाई निर्देशन दिदै उन अस्पतालमा रहेका ओटि र ओपिडी सेवालाई प्रभावकारी ढंगले सञ्चालन गर्ने निर्देशन दिए।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**


## विश्व समाचार

# दक्षिण अफ्रिकामा संसदीय निर्वाचनका लागि १४ हजारभन्दा बढी उम्मेदवार मैदानमा

जोहानेसबर्ग, १४ चैत (रासस/सिन्ह्वा)।

दक्षिण अफ्रिकामा मे २९ मा हुने नेसनल एसेम्ब्ली र नौ वटा प्रान्तीय व्यवस्थापिकाको लागि हुने ८८७ सीटमा प्रतिस्पर्धाका लागि १४ हजार ६६२ उम्मेदवारहरूले नामावली दर्ता गराएको निर्वाचन आयोगले जनाएको छ।

राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले पेस गरेको उम्मेदवारको सूची आयोगले मङ्गलबार सार्वजनिक गरेको हो। निर्वाचनका लागि सबैभन्दा ठूलो मतपत्रमा ५६ जना उम्मेदवारहरूको नामावली रहने आयोगले जनाएको छ।

दक्षिण अफ्रिकामा कुनै अपराधमा दोषी ठहरिएको र जरिवानाको विकल्पबिना १२ महिनाभन्दा बढी जेल सजाय भएको व्यक्तिले चुनाव लड्न नपाउने कानुनी ब्यबस्था छ। यसैगरी आयोगले चुनाव लड्ने उम्मेद्वारहरूको अन्तिम सूची अप्रिल १० मा प्रकाशित हुने जनाएको छ।

# बाल्टिमोरमा जहाजको ठक्करपछि पुल भत्किँदा छ जनाको मृत्यु

वासिङ्टन, १४ चैत (रासस/सिन्ह्वा)।

अमेरिकाको मेरिल्याण्ड सहरको बाल्टिमोरमा जहाजको ठक्करपछि पुल भत्किँदा वेपत्ता भएका छ जनाको मृत्यु भएको स्थानीय प्रशासनले जनाएको छ।

दुर्घटना भएको १२ घण्टाभन्दा बढी भइसकेकोले वेपत्ता निर्माण श्रमिक पानीमा जीवित पाउने सम्भावना क्षीण रहेको भन्दै अमेरिकी सामुद्रिक सुरक्षा गार्डले खोजी र उद्धार कार्य स्थगित गरेको छ।

पानीको तापक्रम अधिक चिसो रहेको र खराब सामुद्रिक मौसमबिचमा बेपत्ता व्यक्तिहरू जीवित भेटिने सम्भावना नरहेको रियर एडमिरल श्यानन गिलरेथले पत्रकार सम्मेलनमा बताउनुभयो।

क्षतिग्रस्त २.६ किलोमिटर लामो इन्टरस्टेट(६९५ पुलमा पानीजहाजको सिङ्गापुरको ध्वजाबाहक कन्टेनर जहाजले ठक्कर दिएपछि पुल मर्मतमा खटिएका करिब २० कामदार पानीमा फसेको प्रारम्भिक अनुमानमा गरिएको थियो। स्रोतका अनुसार दुर्घटनामा परि बेपत्ता भएका सबै व्यक्तिहरू सडक मर्मत सम्भारमा खटिएका कामदारहरू थिए।

पाटापस्को नदीबाट यसअघि अन्य दुई जनालाई उद्धार गरिएको थियो, जसमध्ये एक जनाको अवस्था गम्भीर रहेको स्थानीय अधिकारीहरूले बताएका छन्। उक्त पुल सन् १९७७ मा यातायात सहजताको लागि निर्माण गरिएको र प्रत्येक वर्ष लगभग एक करोड १५ लाख सवारी साधनहरू यस पुलबाट आवतजावत गर्ने गरेको स्रोतले जनाएको छ।

# जर्मनीमा बाल गरिबीको दर उच्च

बर्लिन, १४ चैत (रासस/सिन्ह्वा)।

जर्मनीमा बाल गरिबीको दर उच्च देखिएको छ। सन् २०२२ मा पाँचमध्ये एक बालबालिका गरिबीबाट प्रभावित भएको जर्मनीको कल्याणकारी सङ्घले उल्लेख गरेको छ।

जर्मनीका छ वटा केन्द्रीय स्वैच्छिक कल्याणकारी सङ्घहरूमध्ये एक 'परितातिशे जेसमट्वरब्यान्ड' को प्रतिवेदनका अनुसार युरोपमा करिब एक करोड ४२ लाख मानिस गरिबीमा बाँचिरहेका छन्। यसको प्रत्यक्ष असर एकल अभिभावक, ठूलो परिवार र थोरै शैक्षिक योग्यता भएका वा जर्मन नागरिकता नभएका मानिसहरूमा परिरहेको छ।

सन् २०२२ मा जर्मनीमा गरिबी धेरै उच्च स्तरमा रहेको र अघिल्लो वर्षको तुलनामा यो सङ्ख्या केही कम भए पनि २०१९ को कोभिड(१९ महामारी र ऊर्जा सङ्कट अघिको तुलनामा अझै १० लाख बढी रहेको संस्थाको प्रबन्ध निर्देशक उलरिच स्नाइडरले बताउनुभयो।

सरकारले विगत दुई वर्षमा कर कटौती र ऊर्जा मूल्य राहत उपायहरूका तीव्र रूपमा बढ्दो मूल्यहरूको प्रतिरोध गरेको छ। न्यूनतम पारिश्रमिक पनि दुई चरणमा गरी १०.४५ युरो बढाइएको थियो। यद्यपि जेसमट्वर ब्यान्डले यस पारिश्रमिक मूल्यलाई अपर्याप्त मानेको छ र न्यूनतम पारिश्रमिकलाई युरोमा बढाउन आह्वान गरिरहेको छ। संस्थाले बालबालिकालाई गरिबीबाट जोगाउन बाल बीमाको व्यवस्था गर्नुपर्ने माग गरेको छ।

सन् २०२५ सम्ममा बाल संरक्षण लागू गर्न जर्मन सरकार प्रतिवद्ध छ। जलवायु संरक्षणका लागि कोभिड(१९ राहत कोष असफल भएपछि र बजेटको अवरोधका कारण यस विषयमा वार्ता हालसम्म रोकिएको छ।

हालका योजनाले बाल बीमा योजनाभन्दा प्रशासनिक सुधारका लागि बढी जोड दिइरहेको आर्थिक तथा सामाजिक अनुसन्धान संस्थानका वैज्ञानिक निर्देशक बेटिना कोहलरौसले बताउनुभयो।

# चीनको औद्योगिक मुनाफामा १०.२ प्रतिशत बृद्धि

बेइजिङ, १४ चैत (रासस/सिन्ह्वा)।

चीनको प्रमुख औद्योगिक कम्पनीहरूको नाफा यस वर्षको पहिलो दुई महिनामा अघिल्लो बर्षको सोही अवधिको तुलनामा १०.२ प्रतिशतले बढेको बुधवार सार्वजनिक 'नेसनल ब्युरो अफ स्ट्याटिस्टिक्स (एनबीएस)' को तथ्याङ्कले देखाएको छ। तथ्याङ्कले सन् २०२३ मा दर्ता भएको २.३ प्रतिशतको गिरावटलाई उल्टाएको एनबीएसले जनाएको छ।

करिब दुई करोड युआन २० लाख ८२ हजार (अमेरिकी डलर) को मुख्य वार्षिक व्यापार राजस्व भएका औद्योगिक कम्पनीको यस अवधिमा संयुक्त नाफा नौ खर्ब १४ अर्ब ६० लाख युआन पुगेको जनाइएको छ।

एनबीएसद्वारा अनुगमन गरिएका ४१ वटा औद्योगिक वर्गीकरणमध्ये २९ वटाको नाफामा वृद्धि भएको छ। उपकरण निर्माण क्षेत्रको नाफा जनवरीदेखि फेब्रुअरीको अवधिमा तीव्र गतिमा बढ्दै गएको तथ्याङ्कले देखाएको छ। यस क्षेत्रको संयुक्त मुनाफा वर्षमा २८.९ प्रतिशतले बढेको छ। जुन अघिल्लो वर्षको वृद्धि दरको तुलनामा २४.८ प्रतिशत बढी हो।

यस वृद्धिले देशको औद्योगिक नाफामा ६.७ प्रतिशत योगदान गरेको छ। जसले उपकरण निर्माण क्षेत्रलाई सबैभन्दा ठूलो योगदानकर्ता बनाएको एनबीएसले जनाएको छ।

# कृषि मूल्य सूचना प्रणाली सार्वजनिक

विराटनगर, १४ चैत (रासस)।

कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री रामकुमार खत्रीले नेपालमा बहुसङ्ख्यक जनता कृषिमा आधारित रहेकाले कृषिलाई व्यवस्थित बनाउन आवश्यक रहेको बताउनुभएको छ ।

उद्योग, कृषि तथा सहकारी मन्त्रालय विराटनगरद्वारा आज यहाँ आयोजित 'कृषि मूल्य सूचना प्रणाली' सार्वजनिक गर्दै उहाँले कृषिमा उन्नति गरेर नै अर्थतन्त्रलाई बलियो तथा समृद्ध नेपाल निर्माण सकिने बताउनुभयो ।

उहाँले कृषिमा मेहनत गर्ने किसानको पहिचान गरेर सरकारले आवश्यक सहुलियत दिने सरकारको योजना रहेको जनाउँदै कृषि उत्पादनको उचित मूल्यको पारदर्शिताले सुशासनमा सुधार आउने बताउनुभयो ।

मन्त्री खत्रीले प्राकृतिक रूपमा परिपूर्ण नेपाल पछिल्लो समयमा कृषि क्षेत्रमा कमजोर देखिएकाले कृषिलाई महत्व दिन स्थानीय पालिकासँग प्रदेश सरकारले छलफल गरेर कार्यक्रम तथा योजना ल्याउने प्रतिबद्धता जनाउनुभयो ।

उहाँले कृषि सम्वाद कार्यक्रम सञ्चालन गरेर कृषिसँग जोडिएका ज्ञान, सीप र क्षमतालाई आमनागरिकसमक्ष पुऱ्याउन आवश्यक रहेकाले यसतर्फ ध्यान दिन मातहतका कर्मचारीलाई निर्देशन दिनुभयो ।

इनरुवा नगरपालिकाका प्रमुख केदार भण्डारीले कृषि मूल्य सूचना किसानसम्म सही तरिकाले पुगे विचोलियाको हैकम समाप्त हुने उल्लेख गर्दै सरकारले किसानलाई उच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङले आयातीत कृषि उत्पादनले यहाँका किसान निकै मर्कामा परेकाले यसतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिनुभयो ।

उद्योग, कृषि तथा सहकारी सचिव डा लेखराज दाहालले यो प्रणालीले वस्तु उत्पादन गर्ने किसान, व्यापारी र उपभोक्तालाई सहज हुने धारणा राख्नुभयो ।

बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राई, सूर्यविनायक नगरपालिका इलामका प्रमुख रणबहादुर राई, मन्त्रालयका प्रशासन तथा योजना प्रमुख पशुपति पोखरेल, धरान कृषि थोक बजारका व्यवस्थापक लक्ष्मण भट्टराई, उदयपुरका ईश्वर राना मगर, विर्तामोड झापाका राजेन्द्र कडरिया र खगेन्द्र महतो तथा प्राविधिक रेशिका कोइरालाले पनि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# सुनकोशीमा बेपता तीनमध्ये एक बालिकाको शव फेला

उदयपुर (गाईघाट), १४ चैत (रासस) ।

होली खेलेर सुनकोशीमा नुहाउने क्रममा तीन दिनअघि बेपत्ता भएका त्रियुगा नगरपालिका-१४ साउनेकी रेखा मगरको शव बुधबार बिहान फेला परेको छ ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार बुधवार बिहान साउनेको धाप्लाङदेखि ६ किलोमिटर तल सूर्यढुङ्गा भन्ने स्थानमा १२ वर्षीया रेखा मगरको शव फेला परेको प्रहरीले जनाएको छ । स्थानीय माछा मार्नेहरूले बेलुकी कोशीमा जाल थापेको र बिहान जाल हेर्न जाँदा मृतक मगरको शव पानीमा देखेपछि प्रहरीलाई खबर गरेका थिए । रेखाको शव शवपरीक्षणका लागि जिल्ला अस्पताल ल्याउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख रमेश थापाले बताउनुभयो ।

मङ्गलबार मात्र बेपत्ता तीनमध्ये ८ वर्षीय रिदम मगरको शव पनि घटनास्थलदेखि एक हजार चार सय मिटर तल घिर्लिङ भन्ने स्थानमा फेला परेको थियो । तीन दिनअघि त्रिनपा-१४ साउनेका १२ वर्षीया रेखा मगर, १४ वर्षीय लोकबहादुर मगर र ८ वर्षीय रिदम मगर होली खेलेर सुनकोशीमा नुहाउन जाँदा नदीमा बेपत्ता भएका थिए । बेपत्ता बालबालिकाको प्रहरी र स्थानीयसहित सुनसरीको इटहरीबाट आएको सशस्त्र प्रहरीको गोताखोर टोलीले खोजी जारी राखेका छन् । हराएकामध्ये मङ्गलबार रिदम मगरको शव फेला परेको थियो । अर्का बेपत्ता १० वर्षीय लोकबहादुर मगरको शव फेला पर्न नसकेको पनि प्रहरीले जनाएको छ ।

## *भूमिहीन...*

भूमिहीन दलित सात सय ७२, भूमिहीन सुकुम्बासी तीन सय ५७ अव्यवस्थित बसोबासीमा पाँच सय ५४ को नाम सूचीकृत भएको अध्यक्ष अहम्मदले बताउनुभयो । पर्साका अन्य पालिकाबाट विवरण आउन बाँकी रहेको उहाँको भनाइ छ । अध्यक्ष अहम्मदका अनुसार सूचीकृत भएका आगामी वैशाखमा पर्साका एक सय ५७ परिवारलाई जग्गाधनी पुर्जा वितरण गर्ने तयारी भइरहेको छ ।

भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी पुर्जा वितरणको तयारी थाले पनि स्थानीय तहले लागत सङ्कलनलगायत कार्यमा सहयोग नगरेकाले अपेक्षाकृत रूपमा कार्य अघि बढाउन नसकिएको अध्यक्ष अहम्मदको गुनासो छ ।

# राष्ट्रिय समझदारीअनुसार शान्ति प्रक्रिया टुङ्गो लाग्छ : प्रधानमन्त्री

काठमाडौँ, १४ चैत (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय समझदारी बनाएर शान्ति प्रक्रियाका बाँकी काम टुङ्गो लगाउन सरकार प्रयत्नशील रहेको बताउनुभएको छ ।

द्वन्द्वपीडित परिवारका विभिन्न सङ्घसंस्थाका प्रतिनिधिसँग बुधवार सिंहदरबारमा भेट गर्दै प्रधानमन्त्री दाहालले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगका विषयमा अदालतको आदेश पालना गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

"सरकारले चाहँदाचाहँदै पनि सङ्क्रमणकालीन न्याय टुङ्ग्याउन सकिएको छैन", उहाँले भन्नुभयो, "शान्ति प्रक्रियाका बाँकी काम टुङ्गो लगाउन नदिने शक्ति पनि सक्रिय नै छन्, त्यसले गर्दा कतिपय समस्या भएको छ ।" उहाँले शान्ति प्रक्रियाका बाँकी काम टुङ्गो लगाउनका लागि त्यससम्बन्धी विधेयक सरकारले अगाडि बढाएको जानकारी गराउनुभयो ।

द्वन्द्वपीडित परिवारका सदस्यलाई रोजगारी उपलब्ध गराउन, द्वन्द्वमा घाइते भएका व्यक्तिको स्वास्थ्योपचार गर्न र उनीहरूका लागि आवासको व्यवस्था गर्न सरकार प्रयासरत रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले शान्ति प्रक्रियाका कामलाई तार्किक निष्कर्षमा पुऱ्याएर स्थायी शान्ति कायम गर्न आफू प्रतिबद्ध रहेको बताउनुभयो ।

## *साँकेतिक...*

यस्तो कार्यक्रम गरिएको उनको भनाई छ ।

प्राकृतिक विपदको सामना पूर्व गर्नु पर्ने तयारी तथा विपदका कारण हुने सम्भावित क्षति न्यूनिकरण गर्ने उदेश्यले विपद प्रतिकार्य तालिममा सहभागी भई सेनाले विपदमा गरिने उद्धारकला प्रर्दशन गरेको र यसले आगलागी घटना नियन्त्रण र न्यूनिकरणका ठूलो मदत पुऱ्याउने बरख गणका गणपती रमेश पाण्डेले बताए ।

सप्तरी आगलागीका कारण जोखिमयुक्त जिल्लामा पर्ने भएकाले उदारकला प्रर्दशन कार्यक्रमले आगलागीको समयमा मानवीय र भौतिक क्षति न्यूनिकरणका साथै उद्धार गर्न सजिलो र सहज हुने राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले बताईन ।

वन डढेलो तथा आगलागीका घट्नालाई नियन्त्रण गर्न सबै एकताबद्ध भएर अगाडी बढ्नु पर्ने संदेश दिन पनि यस्तो कार्यक्रमको आयोजना गरिएको सुरक्षा निकायले जनाएको छ ।

साँच्चिकै आगलागीको घट्ना नै भएको जस्तो देखिएको यो.दृष्य हेर्न सर्वसाधारणको घुँइचो लागेको थियो ।

उद्धारकला प्रर्दशन कार्यक्रममा विपदका बेला प्रयोग गरिने बाटरहेलमेट, फायरग्लास, फायर युनिट, प्याराविना, झमरा, फस्टएड, फिगरएड, गिरीगिरी लगायतका १ सय भन्दा बढी उद्धार समाग्री समेत प्रर्दश गरिएको थियो । आगलागीको सर्वाधिक घट्ना हुने सप्तरीमा स्थानीयस्तरमा आगलागीबाट जोखिने तथा आगलागी भईहाले तत्काल नियन्त्रण लिनका लागी गर्नू पर्ने उपायबारे विपद व्यवस्थापन सम्बन्धि अभ्यास र सचेतना कार्यक्रमले धेरै हदसम्म सहयोग पुऱ्याउने स्थानीयले विश्वास ब्यक्त गरेका छन् ।

कार्यक्रममा प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्य, रेडक्रस सोसाईटी शाखाका सभापती जोगेन्द्र भगत, उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालु प्रसाद अग्रवाल, उद्योग बाणिज्य महासंघका केन्द्रीय सदस्य अरुण प्रधान, पत्रकार महासंघका सभापती श्रवण कुमार देवका साथै ठूलो संख्यामा उपस्थित सर्वसाधारण तथा विभिन्न विद्यालयका विद्यार्थीहरुको उपस्थितीमा सुरक्षा निकायका तालिम प्राप्त उद्धारकहर्ताले आफ्नो कौशल देखाएका थिए ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**


**विष्णुपुर गाउँपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*